## अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८१/११/०१ गते सर्वोच्च अदालतमा पुनरावेदन दर्ता गर्न पठाइएको मुद्दाहरुको विवरणः-

| सि.नं | प्रतिवादीहरु | मुद्दा | आयोगको माग दावी तथा विशेष अदालतको फैसला | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | प्रतिवादीहरु ललितजङ्ग मल्ल, सुन्तला रोकाया, हरिनी नेपाली, हजरकला कामी, चक्र बहादुर सावत र दान बहादुर बुढामु.नं (०७९-CR-०१०३)फैसला मिति २०८०/११/२० | स्वास्थ्य चौकीको ग्याविन पर्खाल निर्माण कार्यमा रकम हिनामिना गरी भ्रष्टाचार गरेको। | **आयोगको माग दावी**<br>•आ.ब. २०७६।०७७ मा जिल्ला मुगु, छायाँ नाथ रारा नगरपालिका वडा नं. ११,रोवा स्थित स्वास्थ्य चौकीको ग्याविन पर्खाल निर्माण गर्न रु.२०,४०,८२७।५४ लागत अनुमान गरिएको मा रु. २०,००,०००।- छायाँनाथ रारा नगरपालिकाले व्यहोर्ने र रु.४०,८२७।५४ जन श्रमदानबाट व्यहोर्ने गरी स्वास्थ्यचौकी ग्याविन पर्खाल निर्माण उपभोक्ता समिति र छायाँनाथ रारा नगरपालिका बिच मिति २०७७।०२।१६ बाट कार्य शुरु गरी मिति२०७७।०३।२० सम्म सम्पन्न गर्ने लगायतका शर्तहरु पालना गर्ने मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयबाट मुख्यमन्त्री रोजगार कार्यक्रमको लागि प्राप्त हुने बजेट मध्येबाट वडा नं. ११ मा रहेको स्वास्थ्य चौकीमा ग्याविन पर्खाल लगाउन रु. २०,००,०००।- छुट्टाउने निर्णय भएकोमा रु.२०,००,०८९।०४ रकम बराबरको खुद काम भएको भनी नापीकिताब र कार्य सम्पन्न प्रतिवेदन पेश गरेको मिति२०७७।०३।३१गते उपभोक्ता समितिलाई कर कट्टी गरी रु.१९,२०,०००।- भुक्तानी भएकोमा आयोगबाट स्थलगत निरीक्षण र नापजाँच गर्दा Gabion Size (1.5m×1m×1m)को५१थानGabion Size (2m×1m×1m)को७थान, Gabion Size (3m×1m×1m)को२थान प्रयोग भएको र ९६.५क्यू.मि. परिमाणमा ग्याविन जालीमा सुख्खा ढुङ्गाभरी निर्माण कार्य भएको देखिएको मा नापीकिताब, अन्तिम विल तथा कार्य सम्पन्न प्रतिवेदनमा भने १७४ क्यू.मि. परिमाणमा ग्याविन वक्सजालीमा सुख्खाढुङ्गा भरी निर्माण कार्य गरेको देखाई वास्तविक निर्माण स्थलमा भएको कामभन्दा ७७.५ क्यू.मि. बढी ग्याविन वक्स निर्माणको काम भएको देखाई | **फैसलाः**<br>•प्रतिवादीहरु ललितजंग मल्ल, पदम बहादुर बुढा, गढबहादुर बुढाले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ग) र (ङ) बमोजिमको कसूर गरेकोले सोही दफा ८ उपदफा (१) बमोजिम निज प्रतिवादीहरुलाई जनही ३ महिना कैद र विगो बमोजिम दामासाहीले जनही रु.१,२६,२१८।- जरिवाना हुने, प्रतिवादीहरु पदम बहादुर बुढा र गड बहादुर बुढाले सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिमको कसूर गरेकाले सोही दफा बमोजिम जनही ३ महिना कैद र रु.१०,०००।- जरिवाना हुने र प्रतिवादीहरु जीवन बहादुर बुढा, केश बहादुर बुढा र सृजना बढुवालले सोही ऐनको दफा ८ को उपदफा (४) को कसूर गरेकोले निजहरुलाई सो उपदफा बमोजिम जनही विगो रु.१,२६,२१८।- जरिवाना हुने र ऐ.ऐनको दफा ८ को उपदफा (१) बमोजिम निज प्रतिवादीहरुबाट जनही विगो रु.१,२६,२१८।- भराई दिने ठहर्छ।अन्य प्रतिवादीहरु सुन्तला रोकाया, चक्र बहादुर सावत, हरिनी | •मुगु जिल्ला छायाँनाथ रारा नगरपालिका वडा नं. ११, रोवा स्थित स्वास्थ्य चौकीमा ग्याविन पर्खाल लगाउन रु.२०,००,०८९।०४ रकम बराबरको खुद काम भएको भनी नापी किताब र कार्य सम्पन्न प्रतिवेदन पेश गरेकोमा उपभोक्ता समितिलाई कर कट्टी गरी रु.१९,२०,०००।- भुक्तानी भएकोमा आयोगबाट स्थलगत निरीक्षण र नापजाँच गर्दा Gabion Size (1.5m×1m×1m)को५१थानGabion Size (2m×1m×1m)को७थान, Gabion Size (3m×1m×1m)को २ थान प्रयोग भएको र ९६.५क्यू.मि. परिमाणमा ग्याविन जालीमा सुख्खा ढुङ्गाभरी निर्माण कार्य भएको देखिएको मा नापीकिताब, अन्तिम विल तथा कार्य सम्पन्न प्रतिवेदनमा भने १७४ क्यू.मि. परिमाणमा ग्याविन वक्सजालीमा सुख्खाढुङ्गा भरी निर्माण कार्य गरेको देखाई वास्तविक निर्माण स्थलमा भएको कामभन्दा ७७.५ क्यू.मि. बढी ग्याविन वक्स निर्माणको काम भएको देखाई रु.७,५७,३०७।६२ रकमको हिनामिना गरेको भन्ने आरोपदावी रहेको प्रस्तुत मुद्दामाप्रतिवादीहरु ललितजङ्ग मल्ल, ६पदम बहादुर बुढा, गड बहादुर बुढा, जीवन बहादुर बुढा, केश बहादुर बुढा र सृजना बढुवालले भ्रष्टाचार गरेको कसूर ठहर गरेतापनि प्रस्तुत मुद्दाको विगो रकम रु.७,५७,३०७।६२लाई ठहर भएका प्रतिवादीहरु लाई दामासाहीले विभाजन गरी जनही रु.१,२६,२१८।- मात्र जरिवाना भराउने ठहर भएको फैसला कानूनको व्याख्यामा त्रुटीपूर्ण हुँदा प्रस्तुत फैसला बदरभागी छ।<br>•प्रतिवादीहरुले सम्झौता विपरीत बदनियतपूर्वक काम गरी झुट्टा कार्य सम्पन्न प्रतिवेदन, नापी किताब तयार गरी रु.७,५७,३०७।६२ बराबरको सरकारको सम्पत्ति हिनामिना गरी आफुले गैर कानूनी लाभ लिई भ्रष्टाचार गरेको भन्ने कुरामा अदालतले स्वीकार गरी प्रतिवादीहरुलाई कसूर ठहर गरेको देखिन्छ भने अर्कोतर्फ प्रतिवादीहरु सुन्तला रोकाया, चक्र बहादुर सावत, हजरकला कामी र हरिनी नेपाली क्रमशः नगरपालिका उपप्रमुख तथा वडा अध्यक्ष र कार्यपालिका सदस्यहरु रहेको तथा निजहरु अनुगमन समितिका संयोजक तथा सदस्य समेत रहेका निज प्रतिवादीहरु गैह्रप्राविधिक भएकाले आयोजनाको अनुगमन गर्ने भनेको नाङ्गो आँखाले जे देखियो त्यही प्रतिवेदन दिने विकल्प वाहेक अरु हुन सक्दैन भन्ने आधार ग्रहण गरी निज प्रतिवादीहरुलाई कसूरबाट सफाई दिएको देखिन्छ।जनप्रतिनिधीहरु स्थानिय आयोजना निर्माणका कार्य प्रत्यक्ष रेखदेख र अनुगमनमा संलग्न हुन सजिलो हुने र स्थानिय आयोजना निर्माणबाट स्थानिय तहको विकास निर्माणमा थप टेवा पुग्ने हुनाले नै जनप्रतिनिधीहरुलाई अनुगमन समितिको सदस्यमा राख्नुको अभिप्राय हुनुपर्छ।तर अनुगमनको मूख्य जिम्मेवारी पाएको स्थानिय जनप्रतिनिधीले कार्यवोझका कारण अनुगमनमा गएको होइन फिल्डमा काम भएको नभएको प्राविधिक कुरा भएकोले सो बारेमा थाहा छैन भनेकै भरमा अदालतले कसूरबाट उन्मुक्ति दिदै जाने हो भने स्थानिय विकास निर्माणको अवस्था कस्तो होला अनुमान सम्म पनि गर्न सकिदैन।मिति २०७७।०३।२० गतेका दिन योजना अनुगमन गर्दा पर्खाल निर्माण योजना सम्झौता तथा प्राविधिक स्टिमेट अनुसार निर्माण कार्य सन्तोषजनक रुपमा सम्पन्न भएको छ भनी भुक्तानीका लागि नगर प्रमुख समक्ष यी प्रतिवादीहरु सुन्ताल |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | रु.७,५७,३०७।६२ रकमको हिनामिना गरेको देखिएकोले,<br>•**छाँयानाथ रारा नगरपालिकाका निमित्त प्रमुख प्रशासकिय अधिकृत ललितजंग मल्ल, इन्जिनियर पदम बहादुर बुढा र सव-ओभरसियर गड बहादुर बुढालाई** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ग) र (ङ) बमोजिमको कसुरमा रु.७,५७,३०७।६२ विगो कायम गरी ऐ.ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र जरिवाना हुन एवं विगो समेत असुलउपर हुन। साथै निजहरुले नापी किताब र कार्य सम्पन्न भएको गलत प्रतिवेदन दिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसूर गरेको देखिदा निजहरुलाई सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना हुनमागदावी लिइएको अवस्था छ।<br>•**उपभोक्ता समितिका अध्यक्ष जीवन बहादुर बुढा, सचिव केश बहादुर बुढा र कोषाध्यक्ष सृजना बढुवाललाई**भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसुरमा रु.७,५७,३०७।६२ विगो कायम गरी ऐ.ऐनको दफा ८ को उपदफा (४) बमोजिम सजाय गरी विगो समेत जफत हुन मागदावी लिइएको अवस्था छ।<br><br>**छाँयानाथ रारा नगरपालिकाका तत्कालिन नगर उपप्रमुख तथा अनुगमन समितका संयोजक सुन्तला रोकाया, १३ नं. वडा अध्यक्ष तथा अनुगमन समितिका सदस्य चक्र बहादुर सावत, तत्कालिन कार्यपालिकाका सदस्य तथा अनगमन समितिका सदस्यहरु हजरकला कामी र हरिनी नेपालीलाई** भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुरमा निजहरुलाई सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना हुन मागदावी लिइएको अवस्था छ।<br>•**छाँयानाथ रारा नगरपालिका वडा नं. ११ का वडा अध्यक्ष दान बहादुर बुढालाई** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (३) बमोजिमको कसुरमा | नेपाली, हजरकला कामी र दान बहादुर बुढा उपरको आरोपदावी पुष्टि हुन नसकी निज प्रतिवादीहरुले सफाई पाउने ठहर्छ। प्रतिवादी ललित जङ्ग मल्ल उपरको अन्य दावी पुग्न नसक्ने ठहर गरी फैसला भएको।<br>**विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः**<br>•प्रतिवादीहरुले सम्झौता विपरीत बदनियतपूर्वक काम गरी झुट्टा कार्य सम्पन्न प्रतिवेदन, नापी किताब तयार गरी रु.७५७,३०७,।६२ बरावरको सरकारको सम्पत्ति हिनामिना गरी आफुले गैर कानूनी लाभ लिई भ्रष्टाचार गरेको।<br>•प्रतिवादीहरु सुन्तला रोकाया, चक्र बहादुर सावत, हजरकला कामी र हरिनी नेपाली क्रमशः नगरपालिका उपप्रमुख तथा वडा अध्यक्ष र कार्यपालिका सदस्यहरु रहेको तथा निजहरु अनुगमन समितिका संयोजक तथा सदस्य समेत रहेको देखिन्छ। निजहरु गैह्रप्राविधिक रहेकोले आयोजनाको अनुगमन गर्ने भनेको नाङ्गो आँखाले जे देखियो त्यही प्रतिवेदन दिने विकल्प वाहेक अरु हुन सक्दैन।<br>•प्रतिवादीहरुले मौकाको वयान देखि नै आरोपित कसूरमा | रोकाया, चक्र बहादुर सावत, हजारकला वि.क. हरिनी नेपाली र पदम बहादुर बुढाले प्रतिवेदन पेश गरेको देखिन्छ। जसमध्ये प्रतिवादी पदम बहादुर बुढालाई कसूर ठहर समेत भएकोमा एउटै आरोपका केहीलाई कसूर ठहर गर्ने र केहीलाई सफाई दिने गरी भएको फैसलामा समानता देखिदैन। तसर्थ जनप्रतिनिधीहरुले विकास निर्माण आयोजनाको अनुगमन गरी जिम्मेवार सदस्यले गर्नुपर्ने काम नगरी सरकारी रकमको हिनामिना गर्नेलाई सजाय ठहर गर्नु पर्नेमा गैह्रप्राविधिक रहेकोले आयोजनाको अनुगमन गर्ने भनेको नाङ्गो आँखाले जे देखियो त्यही प्रतिवेदन दिने विकल्प वाहेक अरु हुन सक्दैन भन्ने आधार ग्रहण गरी सफाई दिने गरी भएको फैसला त्रुटीपूर्ण छ।<br>•प्रतिवादी दान बहादुर बुढाले अनुसन्धानको वयानका क्रममा "सो निर्माण कार्यमा संलग्न रहेका प्राविधिक सब ईन्जिनियर गड बहादुर बुढाले म गमगढी, मुगुमा बैठकमा भएको समयमा सिफारिस कागज ल्याईअहिले सही गरिदिनु रकम प्राप्त भए पश्चात सोही रकमबाट अधुरो निर्माण कार्य पुरा गर्ने छौ भनी भनेकाले मैले सिफारिस गरिदिएको हुँ" भनी खुलाएको देखिन्छ भने अर्का प्रतिवादी सुन्तला रोकायाले "भुक्तानीका लागि मिति २०७७।०३।२१ गते गरेको अनुगमन प्रतिवेदनमा भएको हस्ताक्षर मेरो हो। व्यहोरा पनि ठीक हो। उक्त योजनामा म आफै स्थलगत अनुगमन गर्न नगएको, ग्याविन पर्खालको बारेमा मलाई एकिन थाहा नभएको र मलाई सहि गर्न बाध्य पारिएको हो" भन्ने समेत व्यहोरा उल्लेख गरेको देखिन्छ। त्यसैगरी कसूर ठहर भएका प्रतिवादीले समेत "पर्खाल निर्माणको लागि आएको रु.२०,००,०००।- कर कटाएर रु.१९,००,०००।- जति चेक मार्फत पाएका हौं। काम काज गर्दै थियौ, जग्गा धनी सिंगरुप कामीले आफ्नो जग्गामा जाली लगाउन नदिए पछि बिवाद भयो। प्राविधिक गड बहादुर बुढाले पनि काम सम्पन्न भैसक्यो भनेको तथा काम नभएको मात्रामा विवाद मिलेपछि काम गरौला भन्ने सल्लाह भएको थियो। हामीले योजनाको रकम सबै लिएका हौं" भन्ने प्रतिवादी केश बहादुर बुढाले उल्लेख गरेबाट प्रतिवादीहरुले सजायबाट उन्मुक्ति पाउने अभिप्रायले अदालतमा गरेको इन्कारी वयान गरेको हुँदा निजहरुको उक्त इन्कारी वयान निजहरुकै अनुसन्धानको वयान र सह-प्रतिवादीहरुको वयान तथा स्थलगत नापजाँच विवरणबाट खण्डित भएको देखिन्छ। आयोजना निर्माण समितिको संयोजक तथा सदस्य समेत रहेका जनप्रतिनिधीहरुले ग्याविन पर्खाल निर्माणको कार्य कति सम्पन्न भएको वा कति नभएको भनी एकिन विवरण समेतको प्रतिवेदन दिनु पर्नेमा सम्झौता बमोजिमको काम सम्पन्न नभएको आँखाले पनि स्पष्ट देख्न सकिने कामलाई काम सम्पन्न भएको भनि सिफारिस गर्नु नै बद्नियत हो। प्रतिवादीहरु सुन्तला रोकाया, चक्र बहादुर सावत, हजरकला कामी र हरिनी नेपाली र दान बहादुर बुढालाई सफाई दिने गरी भएको फैसला त्रुटीपूर्ण छ।<br>•प्रतिवादी ललितजंग मल्ल समेतले नापी किताव, ठेक्का विल, कार्य सम्पन्न प्रतिवेदन लगायतका कागजातमा हस्ताक्षर गरेको देखिन्छ जहाँ यी कार्यमा संलग्न प्रतिवादीहरुलाई गलत प्रतिवेदन दिने कसूरमा समेत कसूरदार ठहर गरेकोमा निज प्रतिवादी ललितजंग मल्ललाई कसूरदार ठहर नगरी उक्त कसूरबाट सफाई दिने गरी भएको फैसला त्रुटीपूर्ण देखिन्छ। आयोजनामा हुने प्राविधिक/प्रशासनिक कर्मचारीहरुले गर्ने असल/खराव कामको प्रत्यक्ष रेखदेख र निगरानी गर्ने हुनाले नै जनप्रतिनिधीहरुले सिफारिस गरेपछि भुक्तानीको प्रकृया अगाडि बढ्ने हुन्छ। कुनै पनि कामको प्रगति जो जस्तो प्राविधिकले जे जस्तो प्रतिवेदन पेश गरेपनि जनप्रतिनिधीले सिफारिस गर्नु पर्छ भन्ने हुदैन। प्रतिवादी दान बहादुर बुढा जनप्रतिनिधीका साथै |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | रु.७५७३०७।६२ विगो कायम गरी ऐ.ऐनको दफा ८ को उपदफा (३) बमोजिम कैद र विगो बमोजिमको जरिवाना गर्न मागदावी लिएको देखिन्छ। | इन्कार रही वयान गरेको।<br>• प्रतिवादी दान बहादुर बुढा प्राविधिक कर्मचारी नभई जनप्रतिनिधी भएकोले सो आयोजनामा भुक्तानी प्राप्त गर्न कार्यविधिगत प्रकियासम्म पुरा गरेको देखिएको। | आयोजना अनुगमन समितिको सदस्य समेत भएको देखिन्छ।निजले अनुसन्धानको वयानका क्रममा "प्राविधिक गड बहादुर बुढाले काम सम्पन्न भैसक्यो भनेको तथा काम नभएको मात्रामा विवाद मिलेपछि काम गरौला भन्ने सल्लाह बमोजिम सम्पन्न नभएको कामको लागि पनि भुक्तानी प्राप्त गर्न कार्यविधिगत प्रकिया गरी भुक्तानिको लागि सिफारिस गरेको" भन्ने उल्लेख गरेबाट सम्झौता बमोजिमको कार्य सम्पन्न नहुदै आयोजनाको काम सम्पन्न भएको भनी प्राविधिकले पेश गरे बमोजिम भुक्तानी प्रकृयाको लागि प्रतिवादी दान बहादुर बुढाले सिफारिस गरेको स्पष्ट देखिन्छ।आयोजना सम्पन्न भएको करिव १ बर्ष भन्दा पछि आयोगका कर्मचारीले पेश गरेको प्राविधिक प्रतिवेदन र स्थलगत नापजाँच विवरणबाट समेत आयोजनाको सम्झौता बमोजिमको कार्य सम्पन्न नभएको पुष्टि भएको सो तथ्यलाई स्वीकार गरी संलग्न केही प्रतिवादीलाई सम्मानित अदालतबाट कसूर समेत ठहर भएको अवस्थामा केही प्रतिवादीलाई जनप्रतिनिधी भएको नाताले उन्मुक्ति दिने गरी भएको उक्त फैसला त्रुटीपूर्ण हुँदा बदर गरी पाउँ।<br>• अतः माथि विवेचित उल्लिखित आधार,कारण र मिसिल संलग्न प्रमाणहरुलाइ हेर्दा, प्रतिवादीहरुसुन्तला रोकाया, चक्र बहादुर सावत, हजरकला कामी र हरिनी नेपाली र दान बहादुर बुढाले जनप्रतिनिधी भएको आधारमा आरोपदावी बमोजिमको कसूरवाट सफाई पाउने तथा प्रतिवादी ललितजंग मल्लले नापी किताब र कार्य सम्पन्न भएको गलत प्रतिवेदन दिएकोमा निजलाई उक्त कसूरमा दोसीठहर नगरिएको हदसम्म बिशेष अदालतबाट भएको फैसला त्रुटिपुर्ण देखिएकोले उक्त फैसला वदर गरी आरोप-पत्र मागदावी बमोजिम कसूर ठहर गरी सजाय गरिपाउँन सम्मानित अदालत समक्ष अनुरोध छ। |